आज मिति २०७९ साल चैत्र महिना १२ गते आइतबारका दिन यस गुर्भाकोट नगरपालिका, नगर कार्यपालिकाको बैठक नं १९-२०७९/०८० मा नगर प्रमुख श्री हस्त पुनज्यूको अध्यक्षता एवं निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

<u>उपस्थिति:</u>

| सि नं | नाम थर | पद | आबद्ध निकाय | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री हस्त पुन | नगर प्रमुख | नगर कार्यपालिका | |
| २ | श्री मैना बि.क. | नगर उपप्रमुख | नगर कार्यपालिका | |
| ३ | श्री राम बहादुर शाही | वडा अध्यक्ष | वडा नं. १ | |
| ४ | श्री नोख बहादुर वली | वडा अध्यक्ष | वडा नं.२ | |
| ५ | श्री ओम प्रकाश बुढा मगर | वडा अध्यक्ष | वडा नं.३ | |
| ६ | श्री राम बहादुर शाही | वडा अध्यक्ष | वडा नं.४ | |
| ७ | श्री लाल बहादुर पुन | वडा अध्यक्ष | वडा नं.५ | |
| ८ | श्री गोविन्द वली | वडा अध्यक्ष | वडा नं.६ | |
| ९ | श्री बासुदेव शर्मा | वडा अध्यक्ष | वडा नं.७ | |
| १० | श्री किरण कुमार वि.क. | वडा अध्यक्ष | वडा नं.८ | |
| ११ | श्री ज्ञान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.९ | |
| १२ | श्री थमान बहादुर खत्री | वडा अध्यक्ष | वडा नं.१० | |
| १३ | श्री राजन वि.सी. | वडा अध्यक्ष | वडा नं.११ | |
| १४ | श्री तुल्सी प्रसाद शर्मा | वडा अध्यक्ष | वडा नं.१२ | |
| १५ | श्री मधु गुरुङ | वडा अध्यक्ष | वडा नं.१३ | |
| १६ | श्री चन्द्र बहादुर घर्ती | वडा अध्यक्ष | वडा नं.१४ | |
| १७ | श्री प्रेमा घर्ती | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १८ | श्री वर्षा बुढा | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| १९ | श्री सरस्वती थापा मगर | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २० | श्री राधा ढकाल | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २१ | श्री हरिमाया कामी | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २२ | श्री मनिसरा नेपाली | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २३ | श्री टगिसरा वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २४ | श्री चितेन्द्र वि.क. | कार्यपालिका सदस्य | नगर कार्यपालिका | |
| २५ | श्री पदम प्रसाद बजगाईं | सचिव | प्रमुख प्रशासकीय अधिकृत | |

<u>आमन्त्रीत:</u>

१. श्री चित्र बहादुर ढकाल — प्रशासकीय अधिकृत

२. श्री दिपक शर्मा — कम्प्युटर अपरेटर(सचिवालय)

CamScanner

बैठक संख्या ..१३.. मिति २०७९।१२।१२
कार्यपालिकाको निर्णय प्रमाणित

२०७९।१२।१२

**<u>बैठक संख्याः १९/०७९-८०, मिति २०७९।१२।१२ गतेको कार्यपालिका बैठकका निर्णयहरुः</u>**

**निर्णय नं.१. "गुर्भाकोट नगरपालिकाको नगर खेलकुद विकास सम्वन्धी सञ्चालन कार्यविधि २०७९"** बैठकमा प्रस्तुत गरी वृहत छलफल भई उठान भएका विषयवस्तुलाई समेटी उक्त कार्यविधि स्वीकृत गरियो ।

**निर्णय नं.२:** यस नगरपालिकामा गुर्भाकोट नगरपालिकाको भू-उपयोग नियमावली २०७९ अनुसार जग्गाको वर्गिकरण मापदण्ड सम्वन्धी मिति २०७९।१२।०६ गते वैठकमा तोकिएको मापदण्ड वमोजिम आवश्यकताका आधारमा वर्गिकरण गरी सिफारिस गर्न सम्वन्धित वडा कार्यालयलाई जिम्मेवारी दिने ।

**निर्णय नं.३:** विविध

**क.** किरातेश्वर शिव मन्दिर संरक्षण समिति गुर्भाकोट ९ सुर्खेत शिव मन्दिरको भवन उद्धाटन समारोहमा मन्दिरको शिलालेख र खर्च भएको खर्च रु. ३००००।- रकम भुक्तानीको लागि माग गरेकोमा मर्मत सम्भार कोष शीर्षकवाट भुक्तानी दिने ।

**ख.** आयोजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) वाट माग अनुसार तपशिल अनुसार रकम विनियोजन गर्ने ।

- गुरुङ गाउँ सडक निर्माण वडा नं. ६ रु. १५००००।-
- एम्वुलेन्स मर्मत (भे १ ग २९९) रु. ९६४३५।-
- वोलेरो मर्मत ( क.प्र. ०२००१ झ ००८७) रु. ४४६३५।-

**ग.** रिमेल टोल खानेपानी निर्माण वडा नं. ५ को लागि संघीय सरकार शर्सत अनुदान गुर्भाकोट खानेपानी आयोजना शिर्षकवाट रु. १०००००।- र कालिका खानेपानी गुर्भाकोट ५ मर्मतको लागि रु. ३८०००।- खर्च गर्न कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**घ.** यस नगरपालिका वडा नं. ७ वार्षिक स्वीकृत कार्यक्रम सि.नं. १ कृषि यान्त्रीकरण र पशु भकारो सुधार कार्यक्रमलाई ८० प्रतिशत अनुदानमा देहाय अनुसार कार्यक्रम गर्ने ।

| | | |
|---|---|---|
| १. | ज्याप प्लान्टर | रु. ८८०००।- |
| २. | पावर स्प्रे | रु. ९६०००।- |
| ३. | सिलि पोलिनिङ | रु. १६८,०००।- |
| ४. | विउ विजन | रु. १४,८०००।- |

**ङ.** यस नगरपालिकामा वर्षातबाट क्षती भएका संरचनामा विभिन्न वडामा त्रिपाल तथा पलाष्टीक खरिद गरी भुक्तानीको लागि माग गरेकोमा विपद् व्यवस्थापन समितिको अनुगमनको प्रतिवेदन अनुसार भुक्तानी उपलब्ध गराउने ।

**च.** यस नगरपालिका आनन्द मावि मा कार्यरत शिक्षक श्री मान प्रसाद शर्मा CTEVT को कामजकाजमा विभिन्न मितिमा काठमाडौ लगाएत अन्य स्थानमा खटिएकोले विल भरपाई वमोजिम भुक्तानी दिने